## बकैया गाउँ कार्यपालिकाको मिति २०७९।०४।०५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. बकैया गाउँपालिकाको खर्च सम्बन्धि मापदण्ड, २०७९ स्वीकृत सम्बन्धमाः-

यस गाउँपालिकाले सञ्चालन गर्ने तालिम, गोष्ठी, भ्रमण, कार्यशाला, सुपरिवेक्षण तथा सार्वजनिक परिक्षण लगाययतका कार्यक्रममा खर्च गर्नका लागि एकरुपता कायम गरी गाउँपालिकाका सबै योजना तथा कार्यक्रमको बजेट खर्चमा एकरुपता कायम गर्न साथै उक्त खर्चको पारदर्शिता समेत कायम गर्नका लागि सीमा तयार गर्न वान्छनिय भएकोले निम्नानुसारका मापदण्ड स्वीकृत गरि लागू गर्ने निर्णय गरियो ।

### बकैया गाउँपालिकाको खर्च सम्वन्धी मापदण्ड, २०७९

प्रचलित ऐन नियममा खर्चको मापदण्ड तोकिएकोमा सोही बमोजिम गर्ने नतोकिएकोमा देहाय बमोजिम खर्च गर्नका लागि यो मापदण्ड तयार पारिएको छ ।

१. **गाउँ सभाको बैठक भत्ता** : स्पष्ट विषयवस्तु र कार्ययोजना बमोजिम गाउँ सभाको अध्यक्षको अध्यक्षतामा गर्ने गाउँ सभाको बैठकका पदाधिकारी र सचिव तथा सहयोगी कर्मचारीलाई बैठक भत्ता वापत प्रति बैठक रु १,५०० खर्च गर्न सकिनेछ ।

२. **गाउँ कार्यपालिकाको बैठक भत्ता** : स्पष्ट विषयवस्तु र कार्ययोजना बमोजिम गाउँकार्यपालिकाको अध्यक्षको अध्यक्षतामा गर्ने गाउँकार्यपालिकाको बैठकका पदाधिकारी र सचिव तथा केही सहयोगी कर्मचारीलाई बैठक भत्ता वापत प्रति बैठक रु १,५०० खर्च गर्न सकिनेछ ।

३. **वडा समितिको बैठक भत्ता** : स्पष्ट विषयवस्तु र कार्ययोजना बमोजिम वडाध्यक्षको अध्यक्षतामा गर्ने वडा समितिको बैठकका पदाधिकारी र सचिवलाई बैठक भत्ता वापत प्रति बैठक रु १,००० खर्च गर्न सकिनेछ ।

४. **प्रोत्साहन खर्च**: अतिरिक्त समयमा गरिने काम र सो बाट प्राप्त हुने नतिजा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणीत गराई नियमित काम बाहेक विशेष कामको लागि दैनिक २ घण्टा भन्दा बढी अतिरिक्त समय काम गर्ने कर्मचारीलाई सो वापत प्रति घण्टाको बढिमा रु २०० सम्म प्रोत्साहन दिन सकिनेछ ।

५. **पारवहन खर्च** : कार्यक्रममा सहभागीहरुका लागि पारवहन खर्च वापत बढिमा रु. ७०० सम्म दिन सकिने छ ।

६. **संचार खर्च** :यस गाउँ कार्यपालिका कार्यालयमा कार्यरत कर्मचारीहरु, वडा सचिव, पूर्वाधार विकास शाखा अन्तर्गतका कर्मचारीहरु र सबै स्वास्थ्य संस्थाका प्रमुख एवं रिपोर्टिङ फोकल व्यक्तीहरुलाई मासिक रु. ५००।- सम्म दिन सकिने छ ।

७. **सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्वन्धी खर्चको मापदण्ड तथा भ्रमणखर्च**

गाउँपालिकाको स्विकृत कार्यक्रम अनुसार सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रममा गरिने खर्चको मापदण्ड तल दिइएको छ । सो मापदण्डलाई आधार लिई खर्च गर्नुपर्नेछ । सो देखि बाहेकका विषयहरु र उल्लिखित दर भन्दा अधिक दरमा खर्च गर्नु परेमा गाउँ कार्यपालिकाको पूर्व स्विकृति लिएर मात्र गर्नु पर्नेछ ।

| क्र. सं. | विवरण | गाउँपालिका स्तर | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय स्तरको श्रोत व्यक्तिहरू प्रशिक्षक पारिश्रमिक | | • एउटा कक्षा कम्तीमा १.५ घण्टाको |

भक्त बहादुर खत्री
उपाध्यक्ष

धर्मराज लामिछाने
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | क. कक्षा सञ्चालनवापत | ४००० | हूनूपर्दछ । • कार्यपत्र भन्नाले कम्तिमा ७५० शब्दको प्रवन्ध सम्झनू पर्दछ । |
| | ख. कार्यपत्र(Handouts)वापत | १५०० | |
| २ | जिल्ला स्तरको श्रोत व्यक्तिरू प्रशिक्षक पारिश्रमिक | | |
| | क. कक्षा सञ्चालन वापत | १५०० | |
| | ख. कार्यपत्र (Handouts)वापत | १००० | |
| ३ | आन्तरीक र स्थानीय स्तरको श्रोत व्यक्तिरू प्रशिक्षक पारिश्रमिक | | |
| | क. कक्षा सञ्चालन वापत | ८०० | |
| | ख. कार्यपत्र (Handouts)वापत | ७०० | |
| ४ | गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, उद्घाटन, समापनमा सहभागि खाजा ( प्रतिव्यक्ति प्रतिदिन) | १५० | • संयोजक, श्रोत व्यक्ति, प्रतिवेदक र सहयोगी कर्मचारी समेत |
| ५ | मसलन्द (गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाका लागि) | | • प्रशिक्षण कार्यको मसलन्द अन्तर्गत बोर्ड मार्कर, पारदर्शक पाना, कार्यपत्रको छायाप्रति, मेटाकार्ड, मास्किङ टेप इत्यादि । |
| | क. सहभागीको लागीप्रति सहभागी | १०० | |
| | ख. प्रशिक्षण कार्यशालाको लागि (प्रति कार्यक्रम) | १५०० | |
| ६ | प्रतिवेदन लेखन | १००० | |
| ७ | नियमित, समिक्षात्मक तथा अन्य बैठकका लागि<br>क. बैठक भत्ता<br>ख. पारवहन खर्च<br>वडा नं. १, १०, ११ र १२ को लागि<br>वडा नं. २, ८ र ९ को लागि | १०००<br>४००<br>२०० | |
| ८ | अनुगमन, भ्रमण खर्च | १६०० र १२०० | |
| ९ | अन्य | | नेपाल सरकारले तोके बमोजिम |

२. जनप्रतिनिधिहरुको इन्धन सुविधा सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको केही वडाहरु गाउँपालिका कार्यालयबाट टाढा रहेको र वडा अध्यक्षहरुलाई स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन,

... बहादुर खत्री
उपाध्यक्ष

धर्मराज लामिछाने
अध्यक्ष

२०७६ बमोजिमको मासिक ईन्धन मात्र उपलब्ध गराउँदा ईन्धनको परिमाण कम भई सेवा प्रवाहमा कठिनाई रहेकोमा तपसील बमोजिम ईन्धन सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | विवरण | ईन्धन परिमाण | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ का वडा अध्यक्ष | ४० लिटर | |
| २ | वडा नं. २ का वडा अध्यक्ष | ३५ लिटर | |
| ३ | वडा नं. १०,११ र १२ का वडा अध्यक्ष | ३० लिटर | |
| ४ | वडा नं. ३, ४, ५, ६, ७, ८ र ९ का वडा अध्यक्ष | २० लिटर | |

**३. वडागत अतीथि सत्कार तथा प्रशासनिक खर्च सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा वडा कार्यालयहरुमा उपलब्ध गराईएको अतीथि सत्कार तथा प्रशासनिक खर्च सम्बन्धित वडाको वडा अध्यक्षबाट प्रमाणित गराई ल्याउनुपर्ने निर्णय गरियो ।

**४. गाउँपालिका दररेट सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको योजना सञ्चालनका लागि जिल्लाको चालु आर्थिक वर्षको दररेटलाई कायम गर्ने निर्णय गरियो ।साथै भवन निर्माण कार्यका लागि शहरी विकास तथा भवन निर्माण विभागको मापदण्ड र सडक निर्माणका लागि सडक विभागको मापदण्ड पालन गर्ने निर्णय गरियो ।साथै विगतका आर्थिक वर्षहरु बमोजिम नै ईनार खन्ने कामका लागि तपसिल बमोजिम दररेट कायम गर्ने निर्णय गरियो ।

<u>ईनार खन्ने कामको लागि</u>

१. ० मिटर देखि ३ मिटर गहिराई सम्म रु. १०००।-

२. ३ मिटर देखि ६ मिटर गहिराई सम्म रु. १५००।-

३. ६मिटर देखि ९ मिटर गहिराई सम्म रु. २५००।–

४. ९ मिटर भन्दा बढि प्रतिमिटर रु. ५०० का दरले वृद्दि हुने ।

**५. राहत रकम उपलब्ध गराउने सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विभिन्न समयमा प्राकृतिक प्रकोप, आगलागी, करेन्ट लागेर मृत्यु हुने गरेकोमा तपसील बमोजिमका मृतक परिवारलाई प्रमाणित कागजपत्रहरुको आधारमा राहत स्वरुप रु. ५०,०००।– उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | मृतकको नाम थर | ठेगाना | मृत्यु मिति | मृत्युको कारण |
|---|---|---|---|---|
| १ | ईन्द्र बहादुर गोले | वडा नं. १, धोबिडाँडा | २०७९।०१।२८ | करेन्ट लागेर |
| २ | बुद्धिलाल बल | वडा नं. ६ गबरस्थान | २०७[illegible]।[illegible]।२२ | करेन्ट लागेर |

उपाध्याय

धर्मराज लामिछाने
अध्यक्ष

साथै आगामी दिनमा समेत यस गाउँपालिकाका बासिन्दाहरुको गाउँपालिका क्षेत्रमा प्राकृतिक प्रकोप, आगलागी, करेन्ट लागेर मृत्यु भएमा उपरोक्त बमोजिम नै मृतक परिवारलाई प्रमाणित कागजपत्रहरुको आधारमा राहत स्वरुप रु. ५०,०००।– उपलब्ध गराउने निर्णय गरियो ।

६. **नदिजन्य पदार्थको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाका विभिन्न खोला तथा खहरे क्षेत्रहरुबाट ढुङ्गा गिट्टी बालुवा लगायत नदिजन्य उपजको व्यवस्थित उत्खनन कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षणको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

(क) बकैया खोला

(ख) चम्पाखहरे खोला

(ग) हिरामुनी खोला

(घ) सुनाचुरी खहरे खोला

(ङ) जुईना सुकौरा खोला

(च) चाँदे खोला

(छ) डाङडुङ्गे खोला

(ज) धन्सार खोला

(झ) बागमती खोला

साथै गाउँपालिकाका बिभिन्न सडक सञ्जालहरु विस्तार गर्ने सन्दर्भमा तपसील बमोजिमका सडकहरु निर्माणको लागि संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परिक्षण गर्नुपर्ने भएकोले सो को प्रकृया समेत अगाडी बढाउने निर्णय गरियो ।

(क) ख्याकु बागफल सडक

(ख) तीनभङ्गाले चाँदे सुख्खा जोड्ने सडक

(ग) सानो हाँडी देखि रौतहट जोड्ने सडक

(घ) बागदेव, सरस्वती टोङटोङ सडक

(ङ) दोभान, ज्यामिरे गबरस्थान सडक

(च) चुनढुङ्गा दरबार सडक

(छ) दोभान पाँचघरे मन्थली सडक

(ज) मोरङ्गे हुँदै आहाले जोड्ने सडक

(झ) चुनढुङ्गा, जरायोटार, छाप्रे, सिमपानी सडक

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

... बहादुर खत्री
उपाध्यक्ष

धर्मराज लामिछाने
अध्यक्ष

७. आर्थिक सहयोग सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सितोरियो कराते महासंघ उपशाखा डोजो छतिवनका प्रशिक्षक बकैया गाउँपालिका वडा नं. ४ निवासी श्री बिमल माझी यस क्षेत्रको तथा नेपालकै प्रतिनिधिका रुपमा बैंककमा २०२२ सेप्टेम्बर २४ देखि आयोजना हुने "बैंकक ओपन ईन्टरनेशनल कराते च्याम्पियनसीप खेल" मा सहभागी हुन भाद्र १ गते प्रस्थान गर्ने तथा सो खेलका लागि काठमाडौंमा रहेर तालिम तथा अभ्यासका लागि गाउँपालिकाबाट सहयोग रकम उपलब्ध गराउन उक्त उपशाखाबाट अनुरोध पत्र प्राप्त भएकोमा वभिन्न विल भर्पाई तथा प्रमाणित कागजातको आधारमा निजलाई बढिमा रु. १,५०,०००।– आर्थिक सहयोग रकम खेलकुद शिर्षकको बजेटबाट उपलब्ध गराउने निर्णय गरियो ।

८. मतदान केन्द्र सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका मतदान स्थलहरु मध्य कुनै वडामा मतदान स्थल थप गर्नुपर्ने समेत देखिएको हुँदा तपसील बमोजिम मतदान स्थल कायम गर्नका लागि जिल्ला स्तरीय मतदान केन्द्र व्यवस्थापन समितिलाई सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं. | मतदान केन्द्र | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | सरस्वती प्रा वि, मोरङ्गे | १ | २ वटा मतदान केन्द्र रहेकोमा तत्कालका लागि सोही अनुसार रहदाँ उपयुक्त |
| २ | श्री वालविकास नि.मा. वि. सरस्वती भमरा | २ | १ वटा मतदान केन्द्र रहेकोमा तत्कालका लागि सोही अनुसार रहदाँ उपयुक्त |
| ३ | कालिका मा.वि. तिनभंगाले | २ | २ वटा मतदान केन्द्र रहेकोमा तत्कालका लागि सोही अनुसार रहदाँ उपयुक्त |
| ४ | बुद्ध मा.वि. हात्तीसुडे | ३ | ३ वटा मतदान केन्द्र रहेकोमा तत्कालका लागि सोही अनुसार रहदाँ उपयुक्त |
| ५ | वालकल्याण प्रा वि, पहरे | ४ | २ वटा मतदान केन्द्र रहेकोमा तत्कालका लागि सोही अनुसार रहदाँ उपयुक्त |
| ६ | महेन्द्र मा.वि. छतिवन | ४ | ३ वटा मतदान केन्द्र रहेकोमा तत्कालका लागि सोही अनुसार रहदाँ उपयुक्त |
| ७ | प्रभात मा वि, श्रीपुर | ५ | ३ वटा मतदान केन्द्र रहेकोमा तत्कालका लागि सोही अनुसार रहदाँ उपयुक्त |
| ८ | जयकाली प्रा वि, सुधा | ६ | ३ वटा मतदान केन्द्र रहेकोमा गडवन स्थित राष्ट्रिय कालिका प्रा वि मा १ वटा र टिकुली स्थित नवज्योती प्रा वि मा १ वटा मतदान केन्द्र स्थानान्तरण गर्नुपर्ने |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

भक्त बहादुर खत्री
उपाध्यक्ष

धर्मराज लामिछाने
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ९ | माटाकोरी माध्यामिक विद्यालय हर्दा | ७ | एउटै विद्यालयमा ४ ओटा मतदान केन्द्र रहेकोमा २ ओटा उक्त विद्यालय र जनक मावि भिरकोटमा २ ओटा केन्द्र कायम गर्न आवश्यक रहेको |
| १० | बकिहा ठाकुर नि. मा.वि. बस्तिपुर | ८ | ३ वटा मतदान केन्द्र रहेकोमा तत्कालका लागि सोही अनुसार रहदाँ उपयुक्त |
| ११ | कालिदेवि मा.वि. कुडुले | ९ | ३ वटा मतदान केन्द्र रहेकोमा बागभैरब मा वि च्याउँच्याउँमा १ वटा मतदान केन्द्र स्थानान्तरण गर्नुपर्ने |
| १२ | प्रसिद्ध मा.वि. मन्थली | १० | १ वटा मतदान केन्द्र रहेकोमा तत्कालका लागि सोही अनुसार रहदाँ उपयुक्त |
| १३ | शंकर माध्यामिक विद्यालय तिनभंगाले | १० | १ वटा मतदान केन्द्र रहेकोमा तत्कालका लागि सोही अनुसार रहदाँ उपयुक्त |
| १४ | बाल विकास केन्द्र, वाइवालोसे | ११ | २ कोठे पुरानो भवन रहेको र ग्राउण्डको अभाव रहेकोमा नजिकै रहेको खोप केन्द्रलाई मतदान केन्द्र तोक्नुपर्ने |
| १५ | कालिदेवि नि .मा.वि. सिमात | ११ | १ वटा मतदान केन्द्र रहेकोमा तत्कालका लागि सोही अनुसार रहदाँ उपयुक्त |
| १६ | कान्ति मा वि, ठिङ्गन | १२ | १ वटा मतदान केन्द्र रहेकोमा तत्कालका लागि सोही अनुसार रहदाँ उपयुक्त |
| १७ | आधारभुत विद्यालय कोलखोप | १२ | १ वटा मतदान केन्द्र रहेकोमा तत्कालका लागि सोही अनुसार रहदाँ उपयुक्त |

**९. एम्बुलेन्स व्यवस्थापन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुमा एम्बुलेन्स सेवा विस्तार हुँदै गएको र आगामी दिनमा समेत थप एम्बुलेन्सको व्यवस्था हुने सन्दर्भमा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनमा एकरुपता तथा व्यवस्थित सञ्चालनका लागि तपसील बमोजिम गाउँपालिका स्तरीय एक एम्बुलेन्स व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | उपसंयोजक |
| ग. एम्बुलेन्स भएको स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको अध्यक्षहरु | सदस्य |
| घ. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| च. स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

भक्त बहादुर खत्री उपाध्यक्ष

धर्मराज लामिछाने अध्यक्ष

**१०. बकैया आधारभूत अस्पतालको डिपिआर पेश गर्ने सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका स्थित छतिवनमा रहेको बकैया आधारभूत अस्पतालको लागि सुविधा सम्पन्न भवन निर्माणका लागि नेपाल सरकारको नीति तथा मापदण्ड बमोजिमको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भईसकेकोमा उक्त प्रतिवेदन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा समेत पेश गर्ने र सो भवनको लागि ठेक्का प्रकृया अगाडी बढाउनु पर्ने भएको हुँदा आवश्यक बजेट व्यवस्थापनको लागि समेत माग गर्ने निर्णय गरियो ।

**११. रेविज भ्याक्सिन तथा एन्टि स्नेक भेनम सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको विभिन्न स्थानहरुमा कुकुरले टोकेर पशु चौपायहरुको मृत्युका घटनाहरु भईरहेका र मानिसहरुमा समेत रेविजको खतरा रहेको साथै भित्रि मधेश अन्तर्गत पर्ने यस क्षेत्रमा अत्याधिक गर्मी हुने हुँदा सर्पदंशको समेत घटनाहरु भईरहने सन्दर्भमा बकैया आधारभूत अस्पतालमा पर्याप्त मात्रामा रेविज भ्याक्सिन तथा एन्टि स्नेक भेनमको व्यवस्था गर्नुपर्ने भएकाले रेविज भ्याक्सिन र एन्टि स्नेक भेनमको व्यवस्था गर्नको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय तथा सम्बन्धित निकायहरुसङ्ग माग गर्ने निर्णय गरियो ।

**१२. वडा स्वास्थ्य भवन सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. १ र १२ नम्वर वडामा स्वास्थ्य भवन निर्माणको आवश्यकता रहकोमा सो को लागि नेपाल सरकार तथा बागमती प्रदेश सरकारसङ्ग आवश्यक बजेट माग गर्नका लागि पहल गर्ने निर्णय गरियो ।

**१३. वडा नम्बर ८ मा बर्थिङ्ग सेन्टर सञ्चालन सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नम्बर ८ मा बर्थिङ्ग सेन्टर सञ्चालन गर्नुपर्ने आवश्यकता रहेकोमा सो को लागि आवश्यक पूर्वाधार निर्माणका लागि नेपाल सरकार तथा बागमती प्रदेश सरकारसङ्ग आवश्यक पहल गर्ने निर्णय गरियो ।

**१४. आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा संघीय सशर्त कार्यक्रम अनुसार आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन बाँकी निर्माणको कार्यहरु लगत अनुमान तयार गरि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आवश्यक रकमको माग गर्ने निर्णय गरियो ।

**१५. स्थानीय तह स्तरीय भूमिहिन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकार, राष्ट्रिय भूमि आयोग, ताहाचाल, काठमाडौं र यस गाउँपालिका बीच भूमिहिन दलित, भूमिहिन सुकुम्वासीलाई तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत

बहादुर खत्री
उपाध्यक्ष

धर्मराज लामिछाने
अध्यक्ष

संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४(१) बमोजिम तपसिल अनुसार स्थानीय तह स्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

(क) गाउँपालिका अध्यक्ष
संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष
उपसंयोजक

(ग) सम्बन्धित वडामा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/स्थानीय तहमा कृयाशिल रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि — सदस्य

(घ) कार्यपालिकाका सदस्यहरु मध्येबाट एक दलित/ अल्पसंख्यक र एक महिला गरी दुई जना (लोकेन्द्र माझी र दिप कुमारी विश्वकर्मा) — सदस्य

(ङ) स्थानीय तहमा क्रियाशील किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था, संगठन वा नागरिक समाजबाट नदोहोरिने गरि सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तिमा एक महिला र एक दलित सहित ३ जना) — सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

साथै सोही कार्यविधिको दफा ४(२) बमोजिम स्थलगत रूपमा तथ्याङ्क संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्याउन देहाय बमोजिमको वडास्तरीय भूमिहिन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्न सबै वडा समितिहरुलाई निर्देशन दिने निर्णय गरियो ।

(क) वडा अध्यक्ष — अध्यक्ष

(ख) वडा सदस्यहरु — सदस्य

(ग) सम्बन्धित वडामा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि — सदस्य

(घ) सम्बन्धित वडामा क्रियाशील किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतका क्षेत्रमा काम गरिरहेका संघ, संगठन वा नागरिक समाजबाट नदोहोरिने गरी वडा स्तरीय सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तीमा एक महिला र एक दलित/अल्पसंख्यक सहित ३ जना) — सदस्य

(ङ) वडा सचिव — सदस्य सचिव

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

भक्त बहादुर खत्री
उपाध्यक्ष

धर्मराज लामिछाने
अध्यक्ष

१६.अध्यायन अनुमति सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिका वडा नं. ७ स्थित श्री जनक माद्यामिक विद्यालयबाट मिति २०७९।०३।०५ गतेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय सहित शैक्षिक सत्र २०७९ देखि कक्षा ११ सञ्चालनको लागि अनुमति माग भई आएकोले शिक्षा (सातौं संशोधन) ऐन, २०२८ को दफा ३ तथा शिक्षा (आठौं संशोधन) नियमावली, २०५९ को नियम ५ एवं यस गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७४ का साथै प्रचलित कानुनमा उल्लेखित शर्त तथा बन्देजहरु समयमा नै पुरा गर्न विद्यालय नक्सांकनमा नपरे स्वतः बदर हुने र विद्यालयमा लाग्ने सम्पुर्ण खर्च विद्यालय व्यवस्थापन समितिको आफ्नो स्रोतबाट नै तथा प्रचलित कानुन बमोजिम शुल्क निर्धारण गर्ने शर्तमा शैक्षिक सत्र २०७९ देखि लागु हुने गरि मानविकी तथा शिक्षा शास्त्रका विषयहरु अध्यायन हुने गरि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

१७. जैविक मल तयारी तथा फलफुल खेती सहयोग आयोजना सञ्चालन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाले Japan International Cooperation Agency (JICA) संग लागत साझेदारीमा समन्वय गरी जैविक मल तयारी तथा फलफुल खेती सहयोग आयोजना (Organic Manure Preparation and Fruit Cultivation Support Project) सञ्चालन गर्न चाहेकोले Japan's Technical Cooperation को निवेदन फारम सहित समन्वयको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

भक्त बहादुर खत्री
उपाध्यक्ष

धर्मराज लामिछाने
अध्यक्ष